म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

वर्ष:१६ अङ्क:- १११ २०८१ फागुन २६ गते सोमबार 10 March 2025, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**सिभिल इन्जिनियर आवश्यक**

हेटौंडामा व्यावसायिक भवन निर्माणका लागि एक जना सिभिल इन्जिनियर एक वर्षका लागि पूर्णकालिन चाहिएकोले इच्छुक योग्य उम्मेदवारले सम्पर्क राख्नुहुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

- कम्तीमा ३ वर्षको अनुभव अनिवार्य ।
- पारिश्रमिक आपसी समझदारी अनुसार तय गरिनेछ ।

सम्पर्क:
०५७-५२०४२९
९८५५०६९५६०/९८५१०३१०७२

## राजस्व बढाउन अध्ययन गर्दै बागमती सरकार

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश सरकारले आन्तरिक राजस्व वृद्धिका लागि अध्ययन थाल्ने भएको छ । प्रदेश सरकारले आन्तरिक आय बढाउने र राजस्व संकलनको क्षेत्र निर्धारणका लागि कार्यदल निर्माण गरी अध्ययन थाल्ने भएको हो ।

प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व चुहावट, संकलन व्यवस्थापन तथा दर र दायरालाई व्यवहारिक तथा वैज्ञानिक बनाउने गरी कार्यदल निर्माण गरी काम गर्ने भएको हो। प्रदेशका आर्थिक विकास र समृद्धिका लागि आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्नेगरी सो कार्यदल तयार गरी अध्ययन थाल्ने भएको मन्त्रालयका सचिव कृष्ण प्रसाद मैनालीले जानकारी दिनुभयो । प्रदेश सरकारलाई स्रोतहरुको अनुकूल प्रयोग, कर नीति सुधार, र आर्थिक प्रणालीलाई मजबुत बनाउनमा मद्दत पुग्ने गरी कार्यदलले अध्ययन प्रतिवेदन तयार गर्ने उहाँले बताउनुभयो । सो कार्यदलले अध्ययनमा सम्भावित कर संरचना सुधार, व्यापारिक गतिविधिहरूको प्रोत्साहन र आर्थिक स्रोतहरूको उत्तम व्यवस्थापनका उपायहरु समेटिने उहाँको भनाई छ ।

प्रदेशको आन्तरिक राजस्व बढाउन, असंगठित क्षेत्रलाई औपचारिक बनाउने, र दीर्घकालीन आर्थिक स्थिरता कायम राख्नका लागि महत्वपूर्ण भूमिका खेल्ने उहाँले बताउनुभयो। प्रदेशका आर्थिक र राजस्व स्रोतहरुको गहिरो मूल्यांकन, राज्यका उत्पादन र सेवाहरूको वृद्धिमा जोड दिने उपायहरुको अन्वेषण गर्ने गरी कार्यदलले काम थाल्ने अन्तिम तयारी भइरहेको उहाँले बताउनुभयो ।

संघीय सरकारले निर्धारित गर्ने कर नीति र आर्थिक निर्णयहरुबाट प्रभावित प्रदेशको आर्थिक योजना र प्राविधिक कार्यहरु व्यवस्थित गर्न सो कार्यदलको प्रतिवेदन महत्वपूर्ण हुने उहाँले बताउनुभयो । कार्यदलको प्रतिवेदनले संविधानले निर्धारण गरेका क्षेत्रहरुबाट हुने राजस्व संकलनलाई संरचनामा आर्थिक अधिकार र कर्तव्यहरुको स्पष्टता र नियमन प्रक्रियालाई सुनिश्चित गर्ने उहाँको भनाई छ। कार्यदलले प्रदेशको राजस्व सुधारको योजना सहित खर्च व्यवस्थापनको विषयमा समेत अध्ययन गर्नेछ ।

कार्यदलले प्रदेशको सम्भावना, चुनौति, बजेट कार्यान्वयनका समस्या तथा समाधानका विषयमा अध्ययन गरी कार्ययोजना तयार गरी सरकारलाई बुझाउने सचिव मैनालीको भनाई छ । प्रदेशको आयस्रोत संघीय सरकारमा आत्मनिर्भर रहेकाले बजेट माथिको अस्वभाविक भार कम गर्न संरचनागत सुधारका लागि सुझाव पेश गर्नेगरी कार्यदलले काम गर्ने बताइएको छ । 'कार्यदलले सरकारको खर्च व्यवस्थापन, संरचनागत सुधार, नीति तथा कानुनलाई अनुकुल बनाउने बारेमा अध्ययन गर्नेछ', उहाँले भन्नुभयो, 'चालु र प्रशासनिक खर्च बढिरहेको छ । संघमा आश्रित बजेट भएकाले त्यसको सदुपयोग गर्ने विषय महत्वपूर्ण रहन्छ । आन्तरिक आयस्रोत व्यवस्थापन, छुट तथा सुविधाका विषय निर्धारण, छुटेका र महत्वपूर्ण विषय समेट्ने विषयमा कार्यदलले अध्ययन गर्नेछ। प्रदेको आर्थिक विकासको सम्भावनाको खोजी तथा उपयुक्त बजेट कार्यक्रम तर्जुमा र टुक्रे योजनाको व्यवस्थापन बारेमा कार्यदलले सुझाव दिने छ।'

प्रदेश सरकारको प्रभावकारी कार्यक्रम छनौटका लागि मापदण्ड तथा क्षेत्र निर्धारणको दस्तावेजीकरणमा कार्यदलले भूमिका खेल्ने सचिव मैनालीले बताउनुभयो । चालु आर्थिक वर्षमा ६४ अर्बको बजेट कार्यान्वयन गरिरहेको प्रदेश सरकारको ६ महिनामा राजस्व संकलन दर न्युन रहेकाले सो विषयको सुधारमा सो दस्तावेज महत्वपूर्ण हुने उहाँले बताउनुभयो। प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनामा कुल बजेटको १६ प्रतिशत खर्च र लक्ष्यको २७ प्रतिशत मात्र राजस्व संकलन गरेको उहाँको भनाई छ।

प्रदेशको नीति तथा योजना आयोगको पहलमा विज्ञ संस्था मार्फत ५ सदस्यीय कार्यदल निर्माण गरी प्रदेशको राजस्व र खर्चको अवस्थाको विश्लेषण गर्ने तयारी भइरहेको छ । आयोगका उपाध्यक्ष गंगादत्त नेपालका अनुसार प्रदेशमा अवसरको खोजी गर्ने गरी उक्त कार्यदललाई निर्धारित टिओआरमा काम गर्ने गरी अघि बढाइएको हो । सो कार्यदलले आगामी बैशाख १५ भित्रमा अध्ययन प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश गर्नुपर्नेछ । सो कार्यदलको प्रतिवेदनलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्ने तयारी रहेको उहाँले बताउनुभयो ।

कार्यदलको संयोजकमा नेपाल सरकारका पूर्व सहसचिव किशोरजंग कार्की रहनुभएको छ भने अर्का पूर्व सहसचिव लेखनाथ पंगेनी, अर्थ विज्ञ डा. संजिव हुमागाई, बैंकर गंगा सापकेटा र अनुसन्धाता प्रेम दवाडी सदस्य रहेका छन् । उनीहरुले गत फागुन ७ बाट नै कार्य प्रारम्भरको अनुमती पाइसकेका छन् । सो कार्यदलको सेवा सुविधा र पारिश्रमिक विज्ञ संस्थाबाट व्यहोर्ने गरी सहमति भएको छ। सो कार्यदलका लागि आधिकतम ३० लाख रुपैयाँ खर्च हुने मन्त्रालयको अनुमान रहेको छ ।

## राप्तीखोलामा डुबेर प्रियान्सुको मृत्यु

समाज संवाददाता

हेटौंडा : यसै वर्ष एसईईमा सहभागी हुनुपर्ने हेटौंडा-५, पिप्लेका प्रियान्सु आचार्यको आइतबार राप्तीखोलामा डुबेर मृत्यु भएको छ । आइतबार दिउँसो १ बजेर ३५ मिनेटको समयमा हेटौंडा-१, राप्तीखोलामा पौडी खेल्न गएका १७ वर्षीय प्रियान्सु आचार्यको खोलामा डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो ।

प्रियान्सु र अर्का २ जना साथी पौडी खेल्न राप्तीखोला गएका थिए। हेटौंडा-५, पिप्लेस्थित बालज्योति माविमा कक्षा १० मा अध्ययनरत प्रियान्सु र प्रियान्सुका दुई जना साथीसहित ३ जना बिहानको पढाई सकेर खाना खाएपछि विद्यालय जानकै लागि भनेर हिंडेका थिए । दिउँसोको पढाईका लागि विद्यालय नगई पौडी खेल्न खोला गएको बुझिएको प्रहरी प्रवक्ता अर्यालले जानकारी दिनुभयो ।

**•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**

**•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**

**•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## सुरक्षित र सभ्य समाज निर्माणमा ऐक्यवद्धता आवश्यक छः प्रजिअ श्रेष्ठ



समाज संवाददाता

हेटौंडा : मकवानपुरकी प्रमुख जिल्ला अधिकारी (प्रजिअ) स्कीम श्रेष्ठले सहज, सरल र नागरिकमैत्री सेवा प्रवाह गर्नुपर्ने बताउनुभएको छ । उहाँले शान्ति सुरक्षा र सहज सेवा प्रवाह तथा विकास निर्माणको कामको गुणस्तर निर्धारणमा सबै पक्ष जिम्मेवार हुन जरुरी रहेको औंल्याउनुभयो ।

फागुन १५ गतेदेखि मकवानपुरको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्नुभएकी श्रेष्ठले आईतबार जिल्लाका सञ्चारकर्मीहरुसँग छलफल गर्नुहुँदै प्रभावकारी सेवा प्रवाह र शान्ति सुरक्षा चुस्त राख्न आफू प्रतिवद्ध रहेको बताउनुभयो । सुरक्षित र सभ्य समाज निर्माण अभियानमा सरोकारवाला निकायको ऐक्यवद्धता आवश्यक रहेको उहाँले बताउनुभयो ।

प्रहरी र प्रशासनले मात्र सभ्य समाज निर्माण गर्न नसक्ने उहाँको भनाइ थियो । सुशासन कायम राख्न प्रहरी प्रशासन र पत्रकारको पनि उत्तिकै दायित्व रहेको उहाँको भनाई छ। सुशासन कायम गर्न समाजमा हुने सम्पूर्ण अपराधिक क्रियाकलापमा प्रशासनले शुन्य सहनशीलताको नीति अवलम्बन गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

सत्य तथ्यमा आधारित भएर समाचार सम्प्रेषण गर्न प्रजिअ श्रेष्ठले सञ्चारकर्मीलाई आग्रह गर्नुभयो। पत्रकारको सक्रियताले नेतृत्व र कार्यान्वयन तहका अधिकारीलाई जिम्मेवार तथा जवाफदेही बनाउने उहाँको भनाई थियो । कर्मचारीतन्त्रलाई गतिशील बनाउन, समाजमा उत्तरदायी बनाउन निश्पक्ष पत्रकारिता आवश्यक रहेको उहाँले औंल्याउनुभयो । राज्यको चौथो अंगका रुपमा रहेको पत्रकारिता मार्फत् कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकालाई सही मार्गनिर्देश गर्न सक्ने उहाँले बताउनुभयो ।

त्यसअघि सञ्चारकर्मीहरुले लागुऔषध दुर्व्यसनी न्युनीकरण, अवैध क्रसर उद्योग सञ्चालन, ट्राफिक नियमको उल्लंघन, खानी व्यवस्थापन, यौनजन्य घटनाको अवस्था, सामाजिक विकृति लगायतका विषयमा प्रजिअ श्रेष्ठको ध्यानाकर्षण गराएका थिए ।

## लागूऔषध खैरो हेरोईनसहित ४ जना पक्राउ
## २ नाबालक, एक कारोबारी

समाज संवाददाता

हेटौंडा : लागूऔषध खैरो हेरोईनसहित मकवानपुर प्रहरीले २ नाबालक, एक लागूऔषध कारोबारीसहित ४ जनालाई पक्राउ गरेको छ। नाबालक, नाबालिका समेत लागूऔषध खैरो हेरोईनको लतमा रहनु जोखिमपूर्ण र चिन्ताको विषय भएको प्रहरीको भनाइ छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले लागूऔषधमा नाबालक, नाबालिकाहरुको संलग्नताले चिन्ता बढाएको र लागूऔषध दूर्व्यसन न्यूनीकरण, नियन्त्रणका लागि सबैको चासो र ध्यान जान जरुरी रहेको बताउनुभयो ।

शुक्रबार राती २ बजेर २५ मिनेटको समयमा विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१०, आनन्दटोलमा कोठा भाडामा लिई बस्ने २२ वर्षीया बिबिका लामा, १७ वर्षीय नाबालक र १५ वर्षीया नाबालिकाको कोठाबाट लागूऔषध खैरो हेरोईन बरामद गरेको प्रहरीले जनाएको छ । पक्राउ परेकी लामा यसअघि पनि लागूऔषध खैरो हिरोईन मुद्दामै पक्राउ परेकी थिइन् । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालका अनुसार ४ महिना अगाडि लागूऔषध खैरो हेरोईनसम्बन्धी मुद्दामा जिल्ला अदालत मकवानपुरबाट धरौटीमा रिहा भएकी लामा अहिले लागूऔषध कारोबारी नै बनिसकेको देखिन्छ ।

प्रहरीले लामाको कोठाबाट २ ग्राम ६४० मिलिग्राम लागूऔषध खैरो हेरोईन बरामद गरिएको जनाएको छ। १७ वर्षीय बालक र १५ वर्षीया बालिका पनि खैरो हेरोईन प्रयोगकर्ता भएको प्रहरीले जनाएको छ। मकवानपुर जिल्ला अदालतबाट १० दिनको म्याद अनुमति लिई तीनैजनालाई हिरासतमा राखी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।

यस्तै प्रहरीले शुक्रबार राती २ बजेर ३५ मिनेटको समयमा वडा प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले हेटौंडा-१४ का १९ वर्षीय रोजल ढुंगानालाई २७० मिलिग्राम लागूऔषध खैरो हेरोईनसहित पक्राउ गरेको छ। हेटौंडा-१०, भिष्ममार्गमा बा प्र ३-०२-०२६ प ६२७२ नम्बरको मोटरसाईकललाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा मोटरसाइकल चालक ढुङ्गानाको साथबाट लागूऔषध खैरो हेरोइन बरामद भएको प्रहरीले जानकारी दिएको छ। मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद अनुमति लिई प्रहरीले ढुंगानालाई हिरासतमै राखेर अनुसन्धान गरिरहेको जनाएको छ ।

## मनहरीबाट अफिमसहित एक जना पक्राउ

हेटौंडा : मकवानपुरको मनहरीबाट लागुऔषध अफिमसहित एक जनालाई प्रहरीले पक्राउ गरेको छ । मनहरी गाउँपालिका-८, देवकोट चोकबाट मेनरोडतर्फ आउँदै गर्दा २ किलो ५३० ग्राम अफिमसहित मनहरी-८ का ३२ वर्षीय राजकुमार तामाङलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिनुभयो।

शनिबार राती ८:२० बजेको समयमा इलाका प्रहरी कार्यालय मनहरीबाट खटिएको प्रहरी टोलीले देवकोट चोकबाट मेनरोडतर्फ आउँदै गरेको ग ६ प ४५८४ नम्बरको मोटरसाईकलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा तामाङको साथबाट २ किलो ५३० ग्राम अफिम बरामद भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

प्रवक्ता अर्यालका अनुसार तामाङले अफिम मोटरसाईकलको लेगार्डमा प्लास्टिक भित्र लुकाई ल्याइएको अवस्थामा बरामद भएको थियो । तामाङलाई नियन्त्रणमा लिएर मकवानपुर जिल्ला अदालतबाट ८ दिनको म्याद अनुमती लिई थप अनुसन्धान कार्य भइरहेको प्रवक्ता अर्यालले बताउनुभएको छ।



# सम्पादकीय

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

## बलात्कार निकृष्ट अपराध

नेपालमा बलात्कारको घटना बढ्दै जाँदा यसको समस्या भयावह बन्न थालेको छ । पछिल्लो समयमा हरेकदिन कुनै न कुनै ठाउँमा बलात्कारका घटना सार्वजनिक हुने गरेको छ । बलात्कार हुनेमा नाबालिगाको संख्यासमेत उल्लेख्य पाइनु थप चिन्ताजनक बनेकाके छ । निकृष्ट अपराधको रुपमा रहेको बलात्कार बढ्दै जानुले नेपाली समाजलाई असुरक्षित बनाउँदै लगेको छ । बालिका, महिला, बृद्धा सबै बलात्कारको शिकार बन्ने गरेका छन् । सामूहिक बलात्कार र बलात्कारपछि हत्या गरिएका घटना पनि उस्तै डर लाग्दोसँग बढिरहेको छ । परिवारका सदस्य, आफन्त, साथी, राष्ट्रसेवक, आश्रयदाता, अभियन्ता सबैबाट महिला र बालिका सुरक्षित छैनन् । समाजलाई नै कलंकित पार्ने दानवीय प्रवृत्तिको यस्तो आपराधिक क्रियाकलाप बढ्दै जाने हो भने त्यसको परिणाम निकै भयावह हुने निश्चित छ ।

विश्वभर अन्तर्राष्ट्रिय नारी दिवस मनाइरहँदा शनिबार मकवानपुर प्रहरीले सामूहिक बलात्कारको घटना सार्वजनिक गरेको छ । प्रहरीले हेटौंडा उपमहानगरपालिकाबाट सामूहिक बलात्कारको अभियोगमा ७ जना किशोरलाई पक्राउ गरेको जानकारी दिएको छ । घटनामा संलग्न भएको आरोपमा पक्राउ परेकाहरु १८ वर्षभन्दा कम उमेरका किशोरहरु भएको प्रहरीको भनाइ छ । हेटौंडा-२ स्थित वनस्खण्डी मन्दिरको माथि जंगलमा केही दिनअघि सामूहिक बलात्कारको घटना भएको प्रहरीले जानकारी दिएको हो । घटनामा पीडित युवतीले २१ फागुनमा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा जाहेरी दिएपछि प्रहरीले आरोपितलाई पक्राउ गरेको छ । पीडितको जाहेरीका आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले फागुन २२ गते ५ जना र २३ गते थप २ जनालाई पक्राउ गरेको हो । पक्राउ गरिएका किशोरहरुलाई जिल्ला अदालत मकवानपुरबाट जबरजस्ती करणी कसुरमा ५ दिनको म्याद अनुमति लिई अनुसन्धान गरिरहेको प्रहरीको भनाइ छ । सामूहिक बलात्कार गरेका किशोरहरुले मोबाइलबाट भिडियोसमेत बनाएको र सामाजिक सञ्जालमा समेत उक्त भिडियो भेटिएको बताइएको छ ।

बलात्कारका कतिपय घटना घटना सार्वजनिक नै हुँदैनन् । पीडितले गुपचुप राखिदिँदा वा परिवारले सामाजिक लाञ्छनाको डरले कतिपय घटना लुकाउने गरेको पाइन्छ । सार्वजनिक भएका घटनाका पीडित पक्राउ पर्नै सक्दैनन् । पक्राउ परेकाहरुले पनि पर्याप्त प्रमाण नपुगेको भन्दै उन्मुक्ति पाउने गरेका छन् । बलात्कारजस्तो निकृष्ट अपराध गर्ने दोषीले उन्मुक्ति पाउनु भनेको अपराधले प्रश्रय पाउनु हो । यस्तो अक्षम्य र अमानवीय अपराधमा संलग्नलाई कडा दण्डको व्यवस्था नहुँदा घटनाको पुनरावृत्ति भइरहेको आवाज उठ्ने गरको छ । निर्मम र जघन्य किसिमका बलात्कार, सामूहिक बलात्कार, बलात्कारपछि हत्याजस्ता घटनाका दोषीलाई कठोर सजाय दिनुपर्छ । बेलाबेलामा बलात्कारीलाई मृत्युदण्ड दिनुपर्ने आवाजसमेत उजागर भइरहेको परिप्रेक्षमा बलात्कारीलाई कठोर दण्ड सजायको व्यवस्था हुनुपर्ने देखिएको छ ।

बलात्कारका घटना किन बढिरहेका छन् भन्ने सवालमा सरकार र सम्बद्ध निकाय गम्भीर बन्नु आवश्यक छ । बढ्दो बलात्कारका घटनाले मानवीय समवेदना निकै कमजोर बनिरहेको अनभूति हुने गर्दछ । बलात्कार घटना सार्वजनिक हुँदा यसले सिंगो मानव समाजलाई नै कलंकित बनाउने गरेको छ । बलात्कार निकृष्ट, जघन्य र हिंस्रक अपराधको रुपमा विकास भइरहँदा सचेत मानवलाई लज्जित बनाइरहेको छ । यस्ता अपराध गर्ने जोसुकै भए पनि कडा कारबाहीको भागीदार हुनैपर्छ । पद, प्रतिष्ठा, पहुँच र पैसाको आडमा बलात्कारीले उन्मुक्ति पाउने अवस्थाको अन्त्य आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : बौद्धिक र दार्शनिक क्रियाकलापमा सरिक भइने छ ।
**वृष** : परिवारको इच्छा बुझेर अगाडि बढ्दा राम्रो हुन्छ ।
**मिथुन** : परोपकारी र सामाजिक काममा दौडधूप होला ।
**कर्कट** : भोगविलास र आनन्दप्रति मन आकर्षण बढ्ला ।
**सिंह** : मनोरञ्जन र भेटघाटमा समय व्यतित होला ।
**कन्या** : दुरगामी लगानीमा ध्यान पुऱ्याउँदा राम्रो ।
**तुला** : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ला ।
**वृश्चिक** : कामधन्दामा व्यस्त रहने समय योग देखिन्छ ।
**धनु** : महत्वकांक्षा नराख्दा नै राम्रो रहने समय छ ।
**मकर** : परिबन्ध र बाध्यताका कारण आर्थिक बोझ होला ।
**कुम्भ** : मातृपक्षको सल्लाहले गरिएको कामबाट लाभ ।
**मीन** : न्यायिक र प्रशासनिक क्षेत्रबाट लाभ प्राप्त होला ।

# किन खोजिँदैछ फेरी राजा



✍सुधीर भद्र

गत मंगलवार राजधानीमा बाक्लो भिड जम्मा भयो, हाम्रो राजा हाम्रो देश प्राण भन्दा प्यारो छ जस्ता नाराहरु घन्किए । यस्तै भिडले केहि वर्ष अघि गणतन्त्र मागेको थियो । राजा चोर देश छोड भनेको थियो । अन्तिम पटक राजाले सम्बोधन गरेर नारायणहिटी छाड्दा सम्बोधन पछि राजा बस्ने कुर्सिमा ठूलो तमासा भएको थियो । केहि वर्षको अन्तरलामा माग फेरीएको छ । उही जनता, उही स्थान तर मांग फेरीएको छ ।

२०६२/०६३ को आन्दोलन पश्चात एक हर्ष थियो सबैमा, व्यवस्था परिवर्तन भयो अब सबै राम्रो हुन्छ, देशको विकाशमा तिब्रता आउँछ भन्नेमा । राजनैतिक क्रान्ति सफल भयो अब पालो आर्थिक क्रान्तिको भन्ने घारणाहरु सबैले व्यक्त गर्न लागेका थिए । प्राजातन्त्रको नाम फेरीएर अलि नया ब्राण्डिङ्ग गरेर ल्याईएको गणतन्त्रमा जुन अपेक्षा गरिएको थियो त्यो चाहि पुरा हुन सकेको छैन । विश्वमा नै अभ्यास गरि रहेको प्राजातन्त्रको अनुभव नेपाली जनताले पनि गर्न पाए । आ-आफ्नो विचार र भावनाहरु स्पष्टसँग राख्न पाए । अहिले सरकारी कार्यालयहरु जाँदा कर्मचारीहरुको नाम पढ्दा मिश्रित जनजातीहरुको सहभागीता देखिन पाईयो । महिलाहरुको पनि उल्लेख्य सहभागीता देखियो । पछिल्लो समयमा कोटा प्रणालीले गर्दा समान सहभागीतामा केहि सजिलो भएको छ । सामान्य सरकारी काम गर्न सदरमुकाम धाउन पर्ने बाध्यातालाई स्थानीय स्तरमा नै सरल पहूँच गरी दिँदा सेवाग्रहीहरु लाभान्वित भएका छन् । हालको तीन तहको व्यवस्थापकिय पद्धतीमा प्रदेश सरकारको भूमिका चाहीँ खासै देखिदैन ।

शुरुवाती वर्षहरुमा सात दल मिलेर सरकार चलाएका थिए । एक किसिमको प्रतिपक्ष बिहिन सरकार चलाएका थिए । केही गर्ने सम्भावना पनि बोकेको सरकार थियो । तर अफसोच यसमा पनि जनताले सोँचेको जस्तो र चाहेको जस्तो हुन सकेन । सिमित व्यक्ति र नेताहरुका नजिकाले मात्र लाभ लिन सके । पार्टिहरु टुटने फुटनेका श्रृंखलाहरु बढन थाले । जनताको भन्दा पनि व्यक्तिगत स्वार्थमा दलहरु केन्द्रित भएको देखिन थाल्यो ।

पछिल्लो पटक केपी वलीको सरकारले चुच्चे नक्सा ल्याएपछि सच्चा राष्ट्रवादी छविको रुपमा उनलाई हेर्ने गरेको पाईएको थियो । लभ यु केपी बा को क्रेज निकै बढेको थियो । अध्यादेशको राजनीति, पार्टी फुटाउने जोड घटाउमा उनको नामा आउन थाले पछि यो नारा अलि सेलाएको छ । भुटानी शरणार्थी प्रकरणमा संलग्न व्यक्तिहरु घमाघम पक्राउ पर्न थाले पछि जनतामा सरकारले निश्पक्ष छानविन गर्न लागेको भान भएको थियो । यस घटनामा संलग्न एक प्रमुख व्यक्ति पक्राउसँगै नयाँ ट्वीस्ट आएपछि उनी प्रतिको सम्मानमा अलि घटेको जस्तो देखिन्छ ।

त्यसैगरी गिरीबन्धुको जग्गा प्रकरणमा उनी स्पष्टसँग प्रतिवाद गर्न पछि परेको देखिन्छ । रवि लामाछानेसँग सम्बन्धित कुराहरुमा पनि उनी प्रति नकारात्मक धारणाहरु देखिन थालेको छ । लामिछाने दोषी होलान तर अलि व्यक्तिगत नै गएको हो कि जस्तो नि भान पर्न थालेको छ । देशका विभिन्न स्थानमा विभिन्न क्षेत्रबाट अनुसन्धान बढाईएको छ यस्तै अन्यको हकमा भने कानूनी प्रक्रियामा केहि शिथिलता अपनाईएको आरोप उनलाई छ ।

अहिले कुलमान घिसिङसँग सम्बन्धित विवादास्पद निर्णयहरु पनि चर्चामा छ । लोडसेडिङ्ग हटाउन अहम भूमिका खेलेकोमा जनताहरु कुलमानलाई उदाहरणको रुपमा पेश गर्छन । उनको एकल प्रयासले मात्र भएको होईन होला तर उनको सक्रियतामा भएको कुरा हामीले मान्नै पर्छ । कुनै दलसँग उनी नजिक छ भनेर उनको सबै कामको नकारात्मक मात्र टिप्पणी गर्नु हुन्न । बिभिन्न बाहनामा सामान्य मर्यादाको पनि ख्याल नगरी सरकारले अपनाएको रबैया राम्रो मानिएको छैन । स्पष्ट रुपमा व्यक्तिगन ईगो साँधेको देखिएको छ । त्यसको मुख्य हतियार उर्जा मन्त्रीलाई बनाईएको देखिएको छ ।

काठमाण्डौ महानगरपालिकासँग पनि सरकारको सम्बन्ध त्यत्ति राम्रो देखिएको छैन । नेपालमा मात्र नभई विश्व मानसमा नै छोटो समयमा काठमाण्डौको मेयरको नाम चिनाउन उनी सफल भएका छन् । अपवादको रुपमा उनका कुनै कुनै अभिव्यक्तिमा अलि परिपक्व पन देखिएको छैन । उनले काठमाण्डौमा देखिने गरी परिवर्तन चाहि अवश्य लाएका छन् । देखिने परिवर्तनका कारण नै सबै खाले नेतृत्वबाट यसै किसिमको परिवर्तनको अपेक्षा गरिएको छ ।

राजनैतिक नियुक्ति गरिएका व्यक्तिहरु भ्रष्ट्राचार र अन्य कसुरमा दोषी ठहरीएका छन् । धरै जसो राजनैतिक नियुक्ति विवादित छन् । आर्थिक लेनदेनको अडियो भिडियोहरु असरल्ल बजारमा छन् । सबैको मनमा एउटा प्रश्न छ राजनैतिक दलहरुले नियुक्त गरेका मानिसहरुले बदमासी गरे पछि त्यसको जिम्मेवार राजनैतिक दल एवम् त्यसका प्रमुख व्यक्ति हुने कि नहुने । आर्थिक हिनामिना सहमितिमा गरिएको हुन सक्ने आंकलन जनताले गर्न थालेका छन । पार्टिगत र व्यक्तिगत स्वार्थको लागि विधान प्रक्रियालाई पुर्नलेखन र मिलना गरिएको देखिन्छ ।

पछिल्लो पटकको आन्दोलनबाट ल्याईएको व्यवस्थाबाट पनि उल्लेख्य सुधार नदेखिएपछि जनताहरु विकल्पको खोजीमा छन् । विवेकशिल साझा पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, बालेन साह, हर्क साम्पाङ्ग, गोपी हमाल यसकै उदाहरण हुन । अहिले मुलुकले एउटा गतिलो अभिभावक खोजी गरी रहेको छ । जसको पर्यायको रुपमा राजालाई एक समुहले लिन थालेको छ । अहिलेको छिन्न भिन्न अवस्था प्रति वाक्क भएकाहरुको समूह बढदै छ । यो भिडमा कोहि देशका लागि छन, कोहि आफ्ना पार्टीको ब्राण्ड भ्यालु बढाउन छन, कोही व्यक्तिगत फाईदाका लागि छन् । सबैको सामूहिक बुझाई लामो समयसम्म नेतृत्वमा रहेकाहरुले केही फरकको अनुभव देखाउन सकने भन्नेमा नै हो ।

*sudhirshrestha.htd@gmail.com*

# नेपालको पर्यावरण जोखिम



✍चन्द्रमणि रिमाल

नेपाल हिमालहरूको देश, जहाँ प्राकृतिक सुन्दरताले मान्छेको आँखा मात्र होइन, आत्मासमेत मोहित गर्छ । यहाँका झरनाहरूको मधुर सङ्गीत, वनहरूको हरियाली र हिमालहरूको बरफजस्तो चाँदीले सजिएको कञ्चन रूपलाई वर्णन गर्न शब्द अपुग भान हुन्छ तर आज यो सुन्दरता सङ्कटमा परेको छ । पर्यावरणको बिग्रँदो अवस्था नेपालका हरेक कुना-कुनामा महसुस गर्न सकिन्छ ।

नेपालको पर्यावरणलाई वर्णन गर्दा पहाडका चुचुराहरूलाई मातृस्वरूप मान्न सकिन्छ । यी चुचुराहरूले वर्षौंदेखि नदीहरूलाई जन्म दिएका छन्, जसले तराईका उर्वर जमिनलाई पोषण दिएको छ तर आज ती मातृभूत हिमालहरू आफैँ जलवायु परिवर्तनको पीडामा छन् । ग्लोबल वार्मिङको कारणले गहिरो छिद्रहरू परेको बरफको सतहलाई हेर्दा लाग्छ, माताको काख बिस्तारै दरारहरूले चिरिँदैछ ।

नेपालका नदीहरू केवल पानीका स्रोत मात्र होइनन्, जीवनका प्रतीक पनि हुन् । बागमती, कर्णाली र कोशी जस्ता नदीहरूले नेपाली समाजलाई सांस्कृतिक, आर्थिक र आध्यात्मिक रूपमा एकत्रित गरेको छ तर आज यी नदीहरू प्रदूषणको सिकार बनेका छन् । बागमती नदीलाई हेर्दा लाग्छ कुनै समयका तेजस्वी युवतीले आफ्नै अस्तित्व गुमाएकी छिन् ।

नेपालका वनहरूलाई हरियालीको गहना मानिन्छ तर यो गहना आज वन विनाशको परिणामस्वरूप हराउँदैछ । वन विनाशको प्रभावले जङ्गली जनावरहरू विस्थापित भएका छन् । जस्तो कि, बाघलाई आज जङ्गलको राजा होइन, लोपोन्मुख प्रजातिको सूचीमा राखिएको छ । यो हाम्रो पर्यावरणीय असन्तुलनको प्रतीक हो ।

काठमाडौँ उपत्यका र पोखरा उपत्यका, जसलाई कहिलेकाहीं “स्वर्गको टुक्रा” भनेर सम्बोधन गरिन्छ । आज धुलो र धुवाँको धुवाँधारमा हराएको छ । कुनै बेला सुगन्धित फूलहरूले महकिएको बगैँचाजस्तो लाग्ने काठमाडौँ र पोखरा आज प्रदूषण र कोलाहलको सिकार भएको छ ।

तराईका हरियाली जङ्गलहरूलाई नेपाली जीवनको मुटु मान्न सकिन्छ तर आज ती जङ्गलहरू चुरे पहाडको कटान र मानवीय गतिविधिको कारणले सुक्दैछन् । चुरे पहाडका रूखहरूलाई काट्नासाथ नदीहरूले बगाउन नसक्ने माटोको मात्रा बढ्छ । फलस्वरूप तराईको उव्जाऊ भूमि बगरमा परिणत हुँदैछ । चुरेको क्षयलाई रोक्न नसकिए हामीले तराईलाई मरुभूमिमा परिणत भएको देख्न बाध्य हुन सक्छौँ ।

जङ्गल नेपाली संस्कृतिको अभिन्न हिस्सा हो । रुकुम, रोल्पा, चितवन जस्ता स्थानहरूमा भएका वन्यजन्तुहरू हाम्रो प्राकृतिक सम्पत्तिका धरोहर हुन् तर वन कटानी र शहरीकरणको कारण वन्यजन्तुहरुको बासस्थान खतरामा छ । बाघ, गैँडा र कस्तुरी मृगजस्ता दुर्लभ प्रजातिहरुमा मानवीय हस्तक्षेपको प्रभाव प्रस्ट देखिन्छ । वन्यजन्तुहरूसँगको सह(अस्तित्व भनेको मानव सभ्यताको दर्पण हो । जबसम्म हामी यो दर्पणलाई सुरक्षित राख्दैनौँ तबसम्म हाम्रो आफ्नै अस्तित्व जोखिममा रहन्छ ।

जलवायु परिवर्तनको प्रभाव नेपाली जनजीवनमा दिनप्रतिदिन स्पष्ट हुँदै गएको छ । नेपालमा विशेषगरी कृषि, पर्यटन र स्वास्थ्य क्षेत्रमा यसले पुऱ्याएको नकारात्मक प्रभावलाई बेवास्ता गर्न सकिन्न ।

समयमै पानी नपर्नु वा असिनाको प्रकोपले गर्दा कृषिमा ठुलो क्षति पुगेको छ । परम्परागत खेती प्रणाली बिग्रँदा उत्पादनमा गिरावट आएको छ ।

उष्णकटिबन्धीय फलफूल र बाली पहाडी क्षेत्रसम्म विस्तार भएको देखिन्छ जसले मौसमी सन्तुलनको गम्भीर सङ्केत दिन्छ । हिमालय क्षेत्रमा हिमताल फुट्ने डरले साहसिक पर्यटकहरु घट्दैछन् । पर्यटकहरुको रोजाइको ठाउँमा मौसमको अनिश्चितता प्रमुख चुनौती बनेको छ । जलवायु परिवर्तनले नयाँ प्रकारका रोगहरू फैलाएको छ ।

उच्च तापक्रमका कारण फैलिने रोगहरु जस्तै : मलेरिया र डेँगुको सङ्क्रमण पहाडी क्षेत्रमा समेत देखिन थालिसकेको छ । नेपालको प्राकृतिक स्रोतमा बढ्दो जनसङ्ख्या र अव्यवस्थित मानव गतिविधिको ठुलो प्रभाव परेको छ । तराई क्षेत्रमा कृषि भूमि र जङ्गललाई मासेर घर बनाउँदा भूमिगत जलस्रोत सुक्दै गएका छन् ।

बिनायोजना गरिएको सडक निर्माण र अन्धाधुन्ध खानी उत्खननले पहाडी क्षेत्रहरूको प्राकृतिक संरचनामा सङ्कट ल्याएको छ । भूमिगत जलको अत्याधिक उपयोगले जमिन धसिने समस्या निम्त्याएको छ । नेपालका तीर्थस्थल र सांस्कृतिक सम्पदाहरु पर्यावरणीय सन्तुलनसँग गहिरो सम्बन्धित छन् । बाग्मती नदी धार्मिक रुपमा पवित्र मानिए पनि यसको प्रदूषणले त्यसको महत्व घट्दै गएको छ ।

हिमालय केवल नेपालको भूगोल मात्र होइन, यसको पर्यावरणीय सन्तुलनको केन्द्र हो । हिमालयका हिमनदीहरूबाट उत्पन्न भएका नदीहरूले करोडौं मानिसको जीवनलाई निर्भर बनाउँछन् तर पछिल्ला केही वर्षमा हिमालय क्षेत्रमा हिमनदीहरू द्रुत गतिमा पग्लिरहेका छन् । गङ्गापूर्णा हिमताल, इम्जा हिमतालजस्ता ठाउँहरूले जलवायु परिवर्तनको प्रभावलाई प्रत्यक्ष रूपमा देखाएका छन् ।

हिमताल फुट्नाले हुने भयानक बाढी, जल स्रोतहरूको ह्रास, पिउने पानीको अभाव र मानवीय लापरबाही जलवायु परिवर्तनको प्रभाव हुन् । पर्यावरणीय समस्या सिर्जनामा केवल प्राकृतिक कारणहरु मात्र जिम्मेवार छैनन् । मानवले गर्दै आएको लापरबाहीले समस्यालाई झन् गहिरो बनाएको छ ।

प्लास्टिकले भूमि र पानीलाई प्रदूषित मात्र गर्दैन; यसले जैविक जीवनलाई समेत नकारात्मक असर पुऱ्याउँछ ।

त्यस्तै अव्यवस्थित शहरी विस्तारले हरियाली क्षेत्रहरु घटाइरहेको छ । जनतामा पर्यावरणीय चेतनाको कमी पनि समस्याको मुख्य कारक हो । पर्यावरण संरक्षणका लागि शिक्षाको अभावले मानिसहरुलाई वातावरणीय मुद्दाप्रति उदासीन बनाएको छ ।

नेपाल प्राकृतिक विपत्तिको दृष्टिले उच्च जोखिममा रहेको देश हो । २०७२ सालको महाभूकम्पपछि भएको पुनःनिर्माणले दिगो विकासमा जोड दिएन । अझै पनि, पुनःनिर्माणका लागि हरियालीयुक्त प्रविधि प्रयोग गर्नुपर्छ ।

चुरे क्षेत्रको संरक्षण र जलाशय निर्माणले बाढी नियन्त्रणमा सहयोग पुऱ्याउन सक्छ । भू-स्खलन रोक्न वृक्षारोपण र जैविक संरचनाहरूको प्रयोग गर्न सकिन्छ । नेपालले “हरित अर्थतन्त्र” को अवधारणालाई आत्मसात् गर्न सक्नुपर्छ । जलविद्युत र सौर्य ऊर्जाको उपयोगले ऊर्जा सङ्कट कम गर्न सकिन्छ । ग्रामीण क्षेत्रका घरहरूमा बायोग्यास प्रविधिको प्रवर्धन गर्न सकिन्छ । रासायनिक मल र विषादीको सट्टा जैविक मलको प्रयोगले माटोको उर्वरता जोगाउँछ । विदेशमा जैविक उत्पादन निर्यात गरेर देशको आयआर्जन बढाउन सकिन्छ ।

पर्यावरणमैत्री पर्यटनलाई प्रोत्साहन गर्न हिमाली क्षेत्रमा वातावरणीय प्रवर्धन गर्न सकिन्छ । पर्यटकहरूलाई स्थानीय संस्कृति र प्रकृतिमा जोड्न सकिने कार्यक्रम ल्याउन सकिन्छ ।

नेपालको पर्यावरणको संरक्षण भनेको केवल प्राकृतिक सम्पत्ति जोगाउनु मात्र होइन, आफ्नो पहिचान, संस्कृति र भविष्यलाई सुरक्षित राख्नु हो । प्रकृति हाम्रो मातृभूमि हो जसले हामीलाई संरक्षण गर्दछ । हामीले पनि आफ्नो मातृभूमिलाई माया गरेर, यसको सौन्दर्य

...बाँकी पृष्ठ ३ मा

# नवसर्जक साहित्य चौतारीको ३२ औं शृंखला




समाज संवाददाता

हेटौंडा: नवसर्जक साहित्य चौतारी नेपाल केन्द्रीय समितिको आयोजनामा मासिक श्रृंखला सम्पन्न भएको छ। शनिबार भर्चुअल माध्यमबाट नवसर्जक साहित्य चौतारीकी अध्यक्ष कृतिका लौडारीको सभाध्यक्ष तथा अग्रज बाल तथा लोक साहित्यकार एवम् समालोचक प्रा.डा. कपिलदेव लामिछानेको प्रमुख आतिथ्यमा मासिक श्रृंखला सम्पन्न भएको हो ।

मासिक श्रृंखला कार्यक्रममा नवनिर्वाचित समितिका सदस्यहरुले र चनावाचन एवम् पुस्तक परिचर्चा गरेको अध्यक्ष लौडारीले जानकारी दिनुभएको छ। मासिक श्रृंखला कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रा.डा. लामिछानेले नवनिर्वाचित कार्यसमितिलाई शुभकामना व्यक्त गर्नुभएको छ । उहाँले आवश्यक परेको अवस्थामा हरेक समयमा सहयोग गर्ने तथा उपस्थित रहने विश्वास दिलाउनुभयो ।

कार्यक्रममा नवसर्जकहरु ओखलढुंगाकी प्रविना प्रयासी, मकवानपुरकी रचना भण्डारी, बागलुङकी सुरक्षा गौतम, मकवानपुरका रौनक शाह, तेह्रथुममा रोशन गड्तौला, महोत्तरीकी प्रतिमा पौडेल, पाँचथरका पोना हाङ्मा लोबा, मकवानपुरकी स्वस्तिका दाहाल, मकवानपुरकी अनसूया खनालले रचनावाचन गर्नुभयो। यस्तै, स्याङ्जाकी बसन्ती अधिकारी, कैलालीका सन्तोष बराल, स्याङ्जाकी सिर्जना खनाल र मकवानपुरकी कृतिका लौडारीले रचनावाचन गर्नुभएको थियो ।

कोपिल अगस्त्य (कपिलवस्तु) ले दीपक गौतमकृत 'विसङ्गत वर्तमान' (मुक्तक सग्रह) माथि समीक्षा प्रस्तुत गर्नुभएको थियो। यस्तै, प्रा.डा. लामिछाने, नवसर्जक साहित्य चौतारीका परिकल्पनाकार तथा संरक्षक दीपक गौतम, सल्लाहकार र मेशमोहन अधिकारी, साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौलाले पनि रचनावाचन गर्नुभएको थियो ।

चौतारीकी महासचिव स्वस्तिका दाहालले कार्यक्रमलाई सहजीकरण गर्नुभएको थियो। केन्द्रीय उपाध्यक्ष एवम् कोशी प्रदेश संयोजक पोना हाङ्मा लोबाले कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा नवसर्जक साहित्य चौतारीकी सल्लाहकार एवम् अग्रज साहित्यकार प्रभा भट्टराई, मुक्तक मञ्च मकवानपुरका अध्यक्ष सागर तिमल्सिनालगायतको उपस्थिति रहेको थियो । चौतारीले हरेक महिनाको चौथो शनिबार नियमित मासिक शृंखला गर्दै आएको अध्यक्ष लौडारीले बताउनुभयो ।

## *नेपालको पर्यायवरण...*

र सम्पत्तिलाई जोगाउनुपर्छ ।

जब हामी प्रत्येक नेपालीले आफ्नो दायित्व पूरा गरेर प्रकृतिलाई सम्मान गर्ने दिन आउँछ तब मात्र नेपाल वास्तवमै हरियाली, सौन्दर्य र शान्तिको प्रतीक बन्न सक्छ । अझ सामुदायिक कार्यक्रमहरू गाउँगाउँमा ल्याउन सके गाउँस्तरमा वृक्षारोपण अभियान, नदी सफाइ कार्यक्रम र जैविक खेती प्रशिक्षणले सामूहिक योगदान सुनिश्चित गर्छ ।

त्यस्तै मिडियाको भूमिका पनि अहम हुन्छ । रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत वातावरणीय समस्याबारे जनचेतना फैलाउन सकिन्छ। नेपाल साना विकासशील राष्ट्रहरूको समूहको सदस्यको रूपमा जलवायु परिवर्तनको अन्तर्राष्ट्रिय बहसमा आफ्नो आवाज उठाउँदै आएको छ । नेपालले हिमालय क्षेत्रमा जलवायु परिवर्तनका असरहरूलाई विश्वव्यापी मुद्दा बनाउन योगदान पुऱ्याएको छ । संयुक्त राष्ट्र सङ्घ र अन्य अन्तर्राष्ट्रिय संस्थाहरूको सहकार्यमा नेपालले हरित परियोजनाहरू सञ्चालन गर्दैछ ।

वन क्षेत्रका आधारमा कार्बन क्रेडिटबाट आय आर्जन गर्दै जलवायु परिवर्तनको प्रभावलाई कम गर्न नेपालले कदम चालिरहेको छ ।

विद्यालय स्तरमै पर्यावरणीय शिक्षा अनिवार्य गरेर आगामी पुस्तालाई सचेत बनाउन सकिन्छ। नेपालको पर्यावरणलाई बचाउनु भनेको हाम्रो पहिचान, संस्कार र भविष्यलाई बचाउनु हो । हिमालका चुचुराहरु, वनका हरियाली र नदीका प्रवाहलाई जोगाउनु हाम्रो कर्तव्य हो। यो केवल प्रकृतिसँगको सम्बन्ध होइन, आत्मासँगको बन्धन पनि हो । त्यसैले सबै नेपालीले आफ्नो सानिध्यतामा पर्यावरण जोगाउने अभियानमा जुट्नुपर्ने बेला आएको छ ।

नेपालको पर्यावरणलाई संरक्षण गर्नु भनेको भावी पुस्ताका लागि सुनौलो भविष्य तयार गर्नु हो । जब हिमालय श्वेत वस्त्रमा सजिन्छ, नदीहरू स्वच्छताले बग्छन् र जङ्गलहरु हरियालीले झकिझकाउ हुन्छन् तब मात्र नेपालले पर्यावरणीय सङ्कटलाई परास्त गरेको ठहर हुनेछ । नेपालको पर्यावरणलाई जोगाउनु भनेको आफ्नै भविष्यको सुनौलो चित्र बनाउन योगदान गर्नु हो । आजका कार्यहरूले भोलिको नेपाललाई हरियाली, स्वच्छता र प्राकृतिक सम्पदाको धनी बनाउनेछ । नेपाल प्रकृतिको अद्वितीय वरदान हो, जसले हिमाल, पहाड, तराई र मधेशलाई एउटै सजीव शरीरझैं जोडेको छ। यहाँको पर्यावरण मात्र प्राकृतिक सम्पदाको कथा होइन; यो हाम्रो अस्तित्वको जरा हो। आज यो जरा मुनि बिस्तारै खिया लाग्दैछ र हामी यो प्रक्रियालाई बेवास्ता गर्न सक्दैनौं।

वन क्षेत्रलाई पुनर्स्थापित गर्न वृक्षारोपण अभियानलाई प्राथमिकता दिनुपर्छ। वन र नदी संरक्षणमा स्थानीय जनताको सक्रिय भूमिका हुनु महत्वपूर्ण छ । दिगो विकासका लागि नवीनतम प्रविधिहरु जस्तै सौर्य ऊर्जा, पानी पुनःचक्रण र जैविक खेतीलाई प्रवर्धन गर्नुपर्छ । भगवान बुद्धको जन्मस्थल लुम्बिनी पर्यावरणीय संरक्षणको दृष्टान्त हो। त्यहाँ वृक्षारोपण कार्यक्रमले पर्यावरणीय सन्देश दिएको छ। हिमाली क्षेत्रका बौद्ध गुम्बाहरुले "प्रकृतिसँगको सामन्जस्य" भन्ने सिद्धान्तलाई प्रचार गरेका छन् ।

पर्यावरणीय संरक्षणका लागि साहित्य, कला र संस्कृतिले पनि महत्वपूर्ण भूमिका खेल्न सक्छ । पर्यावरणीय मुद्दालाई लोकगीत, झ्याउरे र मारुनी नृत्यमा समेटेर जनचेतना फैलाउन सकिन्छ। कविताहरु, निबन्धहरु र नाटकहरुले पर्यावरणीय संरक्षणको महत्व झल्काउन सक्छ ।

हिमाल, पहाड र तराईलाई प्रतीकात्मक रुपमा चित्रण गर्दै साहित्यले मानवीय चेतनालाई प्रभावित गर्न सक्छ। नेपालको पर्यावरणीय समस्यालाई समाधान गर्न सबै क्षेत्रका व्यक्तिहरूको सहभागिता आवश्यक छ । सरकारले कडा कानुन बनाउने र नवीकरणीय ऊर्जामा लगानी गर्ने कामको थालनी गर्नुपर्छ। सामुदायिक संस्थाहरूले वन संरक्षण, सामुदायिक तालाब र सिँचाइ परियोजनाहरुको परिकल्पना गरी त्यसको कार्यान्वयनमा विशेष ध्यान दिनुपर्दछ. युवा र विद्यार्थीले वृक्षारोपण कार्यक्रम, प्लास्टिक प्रयोग कम गर्ने अभियानमा जुट्नुपर्छ । वैदेशिक रोजगारमा रहेका नेपालीहरूले आर्थिक सहयोग र आधुनिक प्रविधिको सुझावमा ख्याल गर्नुपर्छ । नेपालको पर्यावरणीय सुधार केवल कठिन कार्य होइन; यो प्रेरणादायी लक्ष्य पनि हो ।

नेपालको पर्यावरणीय समस्याको समाधान हाम्रो हातमा छ । यो हामी सबैको सामूहिक प्रयासले मात्र सम्भव छ । जब हिमालहरु फेरि शीतलता बोक्नेछन्, वन्यजन्तुहरूले फेरि निर्भीकता महसुस गर्नेछन् र नदीहरूले स्वच्छ पानी प्रवाह गर्नेछन् तब मात्र हामीले हाम्रो जिम्मेवारी पूरा गरेको ठहर हुनेछ ।

आउनुहोस्, प्रकृतिलाई फेरि जीवन्त बनाउने यो अभियानमा हामी सबै जुटौं। "हरित नेपाल, उज्ज्वल भविष्य" हाम्रो सङ्कल्प हो। आउनुहोस्, हामी सबै मिलेर वातावरणको यो गाथालाई संरक्षण र पुनरुत्थानको महाकाव्य बनाऔं। हिमालको शीतल छायाँमा हरियालीको गुनगुन आवाज फैलाऔं ।

# २३ जनाले गरे रक्तदान

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, हुप्रचौरमा र क्तदान कार्यक्रम भएको छ। नेकपा एमाले निकट संगठन राष्ट्रिय युवा संगठन ४ नम्बर वडा कमिटीको आयोजनामा रक्तदान कार्यक्रम भएको हो ।

रक्तदान कार्यक्रममा २३ जनाले रक्तदान गरेका छन् । कार्यक्रममा २१ जना पुरुष र २ जना महिलाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र हेटौंडाका प्राविधिक किशोर सापकोटाले जानकारी दिनुभएको छ ।

यस्तै, शुक्रबार हेटौंडा-१५, राटोमाटेमा रक्तदान कार्यक्रम भएको थियो । कार्यक्रममा १२ पुरुष र ६ जना महिलाले रक्तदान गरेका थिए। कार्यक्रममा रक्तसञ्चार केन्द्र हेटौंडाको प्राविधिक सहयोग रहेको थियो ।

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# बालजागृतिका विद्यार्थीको आवाज

## नेपालको स्थिति



प्रज्वल अधिकारी

युवाहरु पैसा कमाउन विदेश जाने,
बुढापाका नेताहरु देशको पैसा खाने ।

ताज महल कस्ले बनायो ?
मुस्लिम राजा शाह जि,
काम कस्ले गर्ने नेपालमा सबै काजी ।

नेल्सन मन्डेला देश बनाउन
गए जेल, हाम्रो देशको नेताहरु
पाँच कक्षा फेल ।

युक्रेन ध्वस्त रुसले, नेपाल ध्वस्त घुसले ।
युवाहरु सबै जान्छन् खाडी देश छाडी ।
नेताहरु चढ्छन् चिल्ला र महङ्गा गाडी ।

भोटका लागि किन्छन् जनता
मासु र भातमा जिते पछि छैन कोहि पनि जनताको साथमा ।

*कक्षा-७*

## बालमैत्री घोषणा



अमेस्का मैनाली

हामी साना बालबालिका पढी ठुलो बन्ने छौं ।
धेरै पढी लेखी देशको विकास गर्ने छौं ।
हामी जस्ता बालबालिका माथि नगरौं है शोषण ।
भएको छ हाम्रो विद्यालय बालमैत्री घोषणा ।

हामीलाई राम्रो शिक्षा प्रदान गर्ने छन् धेरै सुविधा ।
विद्यार्थीलाई असहज हुन्छ भनी आउन दिँदैन द्विविधा ।
शिक्षकले प्रदान गर्ने हामी विद्यार्थी माझ ज्ञान ।
त्यही ज्ञानको प्रयोग गरी बढाउछौं विद्यालयको शान ।

लाग्छ हामीलाई संसारमा नै बालजागृति राम्रो ।
यहि नै हो ज्ञान दिने विद्यालय हाम्रो ।

*कक्षा-७*

## निर्मल महादेव



आयुष रौनियार


निर्मल छ रुप निर्मल विचार
महाकाल शिव करुणा आपार ।
त्रिशुल धारी गंगाजल शिर,
निलकण्ठ सदा शुभ र धीर ।


डमरुको धुन कम्पाय भुक्न
नृत्यमा लीन सृष्टिको कारण ।
बाघछाला ओढी कैलाश बस्छन् ।
भक्तको रक्षा सदा गरिरहन्छ ।

विष पिएर पनि दिन्छन् अमृत ।
निर्मल छ हृदय, सदा शुभक्रित ।
जय होस् महादेव, यस शिवशंकर ।
तिमी बिना जगत् अन्धकार ।

*कक्षा-७*



कक्षा-४
समिक्षा रौनियार

### प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको पहिलो खेलमा बागमती पराजित

# मकवानपुरका रिजन ढकालले लिए ५ विकेट

समाज संवाददाता

हेटौंडाः नेपाल क्रिकेट संघ (क्यान) ले आयोजना गरेको प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगितामा बागमती प्रदेशका लागि मकवानपुरे खेलाडी रिजन ढकालले बलिङतर्फ उत्कृष्ट प्रदर्शन गरेका छन् । आइतबारबाट सुरु भएको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा बायाँहाते तीब्र गतिका बलर रिजन ढकालले उत्कृष्ट प्रदर्शनी गरेका हुन् ।

लुम्बिनी प्रदेशको तिलोतमामा भएको उद्घाटन खेलमा बागमती प्रदेश विभागीय टोली सशस्त्र प्रहरी बलको एपीएफसँगै १०० रनले पराजित भएको छ। टस जितेर फिल्डिङ्ग रोजेको बागमती प्रदेशका लागि मकवानपुरका रिजन ढकालले ५ विकेट लिएका छन् ।

बागमती तर्फबाट खेलेका ढकालले एपीएफविरुद्ध ८ ओभरमा ३० रन खर्चेर ५ विकेट लिन सफल भएका हुन् । मकवानपुरे ढकालले भुवन कार्की, सन्दीप जोरा, कमल गैरे, अभिषेक गौतम र अभिनाष बोहोरालाई ३० रन दिएर आउट गरेका हुन् ।

यस्तै, बागमतीका लागि नन्दन यादवले ३ विकेट लिँदा सूर्या तामाङले २ विकेट लिएका थिए। टस जितेर एपीएफको टिमबाट १ सय ७५ रनको लक्ष्य पाएको बागमतीको टिमले २८ ओभरमा ७४ रन बनाउँदै सबै विकेट गुमाउन पुगेको थियो। बागमतीका लागि शुंभ कंसाकारले २४ बलमा १६ रन बनाएका थिए । १६ रन बनाएका कंसाकारले एपीएफविरुद्ध २ वटा चौका प्रहार गरेका थिए ।

मकवानपुरकै रिजन ढकालले बिना आउट ५ बलमा ३ रन जोड्न सफल भएका थिए । बागमतीका लागि सन्दीप जहाराले सर्वाधिक ३७ रन बनाएका थिए । अमर रौटेलले २६ रन र दीपक बोहोराले २५ रन बनाएका थिए। म्यान अफ द म्याच एपीएफका कमल गैरे घोषित भएका छन् ।

### हेटौंडा भेट्रान्स फुटबल

# उपाधिका लागि फ्रिडम फाइटर र किङ्कम भिड्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी दशौं संस्करणको हेटौंडा राष्ट्रिय भेट्रान्स फुटबल प्रतियोगिताको फाइनलमा फ्रिडम फाइटर भेट्रान्स काठमाडौं र किङ्कम भेट्रान्स प्रवेश गरेको छ। सोमबार हुने फाइनलमा फ्रिडम फाइटर र किङ्कम भेट्रान्सबिच उपाधिका लागि प्रतिस्पर्धा हुनेछ ।

आइतबार हेटौंडा-४, हुप्रचौरमा भएको पहिलो सेमिफाइनल खेलमा फ्रिडम फाइटर भेट्रान्सले बानेश्वर फ्रेण्डसीप भेट्रान्सलाई १-० गोलले पराजित गरेको छ । दोस्रो सेमिफाइनल खेलमा आयोजक हेटौंडा भेट्रान्सलाई ५-३ गोलले किङ्कम भेट्रान्सले पराजित गरेको हो । फ्रिडम फाइटरको जीतमा पहिलो हाफको ६ मिनेटमा कृष्ण मालाकारले निर्णायक गोल गरेका थिए। बानेश्वर भेट्रान्सको तर्फबाट कुनै पनि खेलाडीले गोल फर्काउन नसेका कारण हार व्यहोर्नुपरेको हो ।

दोस्रो खेलमा किङ्कम भेट्रान्सको तर्फबाट पहिलो हाफको ७ मिनेटमा गोल गर्दै सरोज थापाले अग्रता दिलाएका थिए। पहिलो हाफकै १२ मिनेटमा किशोर नेपालीले गोल गर्दै आफ्नो टिमको अग्रतालाई बढाएका थिए । दोस्रो हाफको खेल चलिरहँदा २-० गोलले पछि परेको आयोजक हेटौंडा भेट्रान्सविरुद्ध ४ मिनेटमा निरज सिंह बस्नेतले गोल गर्दै अग्रतालाई दोब्बर बनाएका थिए ।

दोस्रो हाफको खेलसम्म ३-० गोलको दवाबले पछि परेको हेटौंडा भेट्रान्सले ६ मिनेटमा गोल गर्दै गोलअन्तर केही घटाउन सफल भयो । हेटौंडा भेट्रान्सका दीपक लामाले १२ मिनेटमा गोल गर्दै ३-२ गोलको स्थितिमा पुऱ्याए।१६ मिनेटमा थप एक गोल गर्दै लामाले खेललाई ३-३ गोलको बराबरीमा पुऱ्याएका थिए ।

३-३ गोलको बराबरीपछि खेलको १८ मिनेटमा फ्रिडम फाइटरले एक गोल थप गर्दै टिमलाई अग्रता दिलायो। खेलको १९ औं मिनेटमा गोल गरेर ह्याट्रिक पूरा गर्दै किशोर नेपालीले ५-३ गोल अन्तरको स्थितिमा पुऱ्याएर टिमलाई जीत दिलाउन सफल भएका थिए । खेलको म्यान अफ द म्याच ३ गोलकर्ता नेपाली घोषित भएका छन् ।

दिउँसो २ बजेबाट सुरु हुने फाइनल खेलमा उपाधिका लागि फ्रिडम फाइटर भेट्रान्स काठमाडौं र किङ्कम भेट्रान्सबीच प्रतिस्पर्धा हुनेछ। शनिबार भएको पहिलो क्वार्टरफाइनल खेलमा बानेश्वरले एबीसी भेट्रान्सलाई टाइब्रेकरमा ३-२ गोलले हराएको थियो भने दोस्रो क्वार्टरफाइनल खेलमा काठमाडौंको किङ्कम भेट्रान्सले बगरभाइ खलक भेट्रान्सलाई ३-० गोलले पराजित गरेको थियो। यस्तै, तेस्रो खेलमा फ्रिडम फाइटर भेट्रान्सले हेटौंडाको नागस्वती भेट्रान्सलाई २-० गोलले पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको थियो । हेटौंडा भेट्रान्स र बौद्धस् भेट्रान्सबिच भएको चौथो कार्टरफाइनल खेल १-१ गोलको बराबरीमा रोकिएको थियो । आइतबार बिहान ट्राइबेकरबाट निर्णय लिने क्रममा हेटौंडा भेट्रान्सले बौद्ध भेट्रान्सलाई टाइब्रेकरमा पराजित गरेको थियो ।

प्रतियोगितामा देशका विभिन्न स्थानका १५ वटा भेट्रान्स क्लबको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ५० हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । उपविजेता टिमले ७५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ। प्रतियोगिताको म्यान अफ द सिरिजले १० हजार रुपैयाँ, सर्वोत्कृष्ट प्रशिक्षक, सर्वोत्कृष्ट फरवार्ड, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्स र उत्कृष्ट मिडफिल्डरले जनही ५ हजार रुपैयाँ नगद पुरस्कारसहित ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

# अनेमसंघद्वारा १७ जना अगुवा महिला सम्मानित



समाज संवाददाता

हेटौंडा : नेकपा एमाले निकट अखिल नेपाल महिला (अनेम) संघले १७ जना अगुवा महिलालाई सम्मान गरको छ । शनिबार अन्तर्राष्ट्रिय नारी दिवस तथा अनेमसंघको स्थापना दिवसको अवसरमा सेल्टरदाता अगुवा महिलालाई सम्मान गरेको हो। पञ्चायत विरुद्धको आन्दोलनका क्रममा भूमिगत हुनुपर्ने समयमा राजनीतिक नेतृत्वलाई सेल्टर दिने महिला र अगुवा महिलालाई सम्मान गरेको हो ।

अनेमसंघ मकवानपुरकी अध्यक्ष सुमित्रा काफ्लेको सभाध्यक्ष तथा अनेमसंघ केन्द्रीय कमिटी सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज पद्मा पौडेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख वक्ताको रुपमा नेकपा एमाले केन्द्रिय कमिटी सदस्य तथा मकवानपुर जिल्ला इन्चार्ज रामेश्वर राना रहनु भएको हो ।

अनेमसंघले हेटौँडा-९ की दुर्गा पौडेल र सरस्वती धिमाल, हेटौँडा-४ की सुभद्रा रेग्मी र लक्ष्मी पुलामी, हेटौँडा-२ की सानुमाया श्रेष्ठ, हेटौँडा-७ की उमा थामी र पूण्यवती रिमाल, हेटौँडा-१५ की मालती थिङ, बकैया गोमा राई, देउती ढकाल र लक्ष्मी घिमिरे सम्मानित हुनुभएको हो ।

त्यस्तै भिमफेदी गाउँपालिकाकी केशरी तुलाधर र थाहा नगरपालिकाकी गौरी प्रधान र रामपियारी नापीत सम्मानित हुनुभएको हो । कार्यक्रममा अनेम संघकी केन्द्रिय सदस्य मेनुका दाहाल, नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य रामचन्द्र राई र बद्री लम्सालको उपस्थित रहेको थियो ।

# नाटक प्रतियोगितामा बुद्ध मावि प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयले आयोजना गरेको नगरस्तरीय नाटक प्रतियोगितामा हेटौंडा-१२, हात्तीगौंडास्थित बुद्ध माध्यमिक विद्यालय प्रथम भएको छ। प्रतियोगितामा हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालय द्वितीय र हेटौंडा-४ कै आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय तृतीय भएको छ।

सामाजिक रुपान्तरणका लागि चेतनामूलक नाटक फागुन १८ गतेबाट मञ्चन गरिएको थियो। अन्तिम दिन शुक्रबार हेटौंडा-४ स्थित भूटनदेवी माध्यमिक विद्यालयको प्राङ्गणमा नाटक प्रदर्शन गरिएको थियो । ६ दिनसम्म आयोजित प्रतियोगितामा ११ वटा नाटक प्रदर्शन भएको झलझली मल्टिक्रियसनका व्यवस्थापक आशाकाजी श्रेष्ठले जानकारी दिनुभयो ।

महिला हिंसा, मानव वेचबिखन, निकृष्ट बालश्रम, वैदेशिक रोजगार, बालविवाह, लागूऔषध दुर्व्यसनीलगायतका विषयमा विद्यार्थीले नाटक प्रदर्शन गरेका छन् । हेटौंडा-५ स्थित ज्ञानोदय वालबाटिका आवासीय माविमा अध्ययनरत छात्रा सुधिनी हुमागाईं उत्कृष्ट महिला कलाकार र हेटौंडा-३ स्थित सनसाइन बोर्डिङ स्कूलमा अध्ययनरत छात्र ईशुप थापा उत्कृष्ट पुरुष कलाकार हुनुभएको व्यवस्थापक श्रेष्ठले जानकारी दिनुभयो ।

# हेटौंडा क्याम्पसमा ६ विद्यार्थी संगठन दर्ता

समाज संवाददाता

हेटौंडाः स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनका लागि हेटौंडा-४ स्थित हेटौंडा क्याम्पसमा ६ विद्यार्थी संगठन दर्ता भएको छ। स्ववियु निर्वाचन समिति हेटौंडा क्याम्पसले गत फगुन १९ गते संघ, संगठन, समूह दर्ता मिति तोकेको थियो । सोही दिन ६ वटै संगठन दर्ता भएको सहायक क्याम्पस प्रमुख मनोज पोखरेलले जानकारी दिनुभयो ।

नेकपा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन, माओवादी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी), नेपाली कांग्रेस निकट नेपाल विद्यार्थी संघ, राष्ट्रिय प्रजातन्त्र पार्टी निकट राष्ट्रिय प्रजातान्त्रिक विद्यार्थी संगठन, एकीकृत समाजवादी पार्टी निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन र अखिल समाजवादी संगठन दर्ता भएको हो । क्याम्पसमा ६ सय ८५ जना मतदाता रहेका छन् ।

क्याम्पसले सञ्चालक समितिका कोषाध्यक्ष नमुना पाण्डेको संयोजकत्वमा ६ सदस्यीय निर्वाचन समिति गठन गरेको छ । निर्वाचन अधिकृतमा उच्च अदालत बार एसोसिएसनका प्रतिनिधि पम्फा पुरी, सहायक क्याम्पस प्रमुख पोखरेल, सहायक क्याम्पस प्रमुख रामु कँडेल, सहायक प्राध्यापक गोबिन्द पोखरेल र प्रशासकीय अधिकृत प्रकाश दाहाल रहनुभएको छ ।

त्रिभुवन विश्वविद्यालय स्ववियु निर्वाचन समितिले फागुन २९ गते प्रचार प्रसार मिति तोकेको छ भने मतदान मिति चैत ५ गते तोकेको छ ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं

# सत्यम जेभियर्स बोर्डिङको अभिभावक दिवस सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-४ स्थित सत्यम जेभियर्स इंग्लिस बोर्डिङ स्कूलको वार्षिकोत्सव तथा अभिभावक भेला सम्पन्न भएको छ । शनिबार बोर्डिङको प्राङ्गणमा वार्षिकोत्सव तथा अभिभावक भेला सम्पन्न भएको हो ।

सत्यम जेभियर्स विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बद्री पुडासैनीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको थियो । वार्षिकोत्सव तथा अभिभावक दिवसको अवसरमा आयोजित कार्यक्रममा बोर्डिङका विद्यार्थीले नृत्य, गायनलगायत कलाको प्रस्तुति गरेका छन् ।

विद्यालयले आयोजना गरेको खेलकुद कार्यक्रममा विजेता विद्यार्थी तथा ७ ए साइड फुटबल प्रतियोगिताका विजेता विद्यार्थीलाई मेडल तथा प्रमाणपत्र प्रदान गरिएको छ । कार्यक्रममा करिब ३ सय ५० जना अभिभावकहरुको उपस्थिति रहेको थियो । ४ नम्बर वडाका वडाध्यक्ष नवीन सिग्देलले कार्यक्रममा शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

हार्दिक बधाई
तथा शुभकामना



यस विद्यालयका सहायक प्रधानाध्यापक एवम् बालसाहित्य अभियन्ता **दीपक गौतम**ज्यू भीम विराग सङ्गीत, साहित्य, कला प्रतिष्ठान नेपालबाट **'चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार-२०८१'** तथा मातृभूमि साहित्य समाज मकवानपुरबाट **'हातेमालो-मातृभूमि सिर्जनशील युवा सम्मान-२०८०'** बाट सम्मानित हुनुभएकोमा उहाँलाई हार्दिक बधाई ज्ञापन गर्दै सिर्जनशील जीवनको शुभकामना व्यक्त गर्दछौं।

ईश्वरप्रसाद लामिछाने (प्रिन्सिपल)
रमिला सापकोटा (विव्यस अध्यक्ष)
ऋषिराम उपाध्याय पोखरेल (सञ्चालक समिति अध्यक्ष)

एवम्
ज्ञानदीप शिक्षा निकेतन माध्यमिक विद्यालय परिवार
हेटौंडा-५

हार्दिक बधाई



यस ज्ञानदीप शिक्षा प्रतिष्ठान प्रालि मकवानपुरका कम्पनि सचिव **लिलानाथ ढुंगेल**ले सिक्किम प्रोफेसनल युनिभर्सिटीबाट Commodity trading market system for economic development in Nepal शीर्षकमा शोधकार्य गरी विद्यावारिधी (PHD) उपाधि हासिल गर्न सफल हुनुभएकोमा हार्दिक बधाई ज्ञापन गर्दै उच्च प्राज्ञिक जीवनको शुभकामना व्यक्त गर्दछौं ।

ऋषिराम पोखरेल, अध्यक्ष
राजेश घिमिरे, उपाध्यक्ष
मोहन प्रसाद न्यौपाने, कोषाध्यक्ष

सदस्यहरू
लक्ष्मी दूलाल
श्रीराम दहाल
जनकराज पन्त
गौतम केसी
रमिला सापकोटा
गमला राजभण्डारी
खिलप्रसाद बराल
यादवप्रसाद शर्मा

ज्ञानदीप शिक्षा प्रतिष्ठान प्रालि
हेटौंडा-५, मकवानपुर

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ